नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

मिति २०७४/१२/२२

प्रेस बिज्ञप्ती

कोलम्बो प्लान अन्तर्गतका सदस्य राष्ट्रहरुको लैंगिक सम्पर्क बिन्दुहरुको तेश्रो क्षेत्रीय सम्मेलन मिति २०७४/१२/१९-२१ गते तदनुसार 2-4, April 2018 सम्म सम्पन्न भएको छ । कोलम्बो प्लान अन्तर्गतका २७ देशहरु मध्ये भुटान, श्रीलंका, माल्दिप्स, बंगलादेश, पाकिस्तान, लाओस, अफगानिस्तान, म्यान्मार, फिजी, जापान, भारत, मलेशिया, कोरिया, संयुक्त राज्य अमेरिका, ईन्डोनेशिया,नेपाल थाईल्याण्ड र जापान गरी १८ देशका लैंगिक सम्पर्क विन्दुहरुको सहभागिता रहेको थियो । सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापाले कोलम्बो प्लानसंग नेपालको नजिकको सम्बन्ध रहेको र यसका बिबिध कार्यक्रमबाट नेपाल लाभान्वित समेत भएको वताउदै यस क्षेत्रका महिलाहरुका सवालहरुमा साझा धारणा बनाई काम गर्नुपर्ने कुरामा जोड दिनुभयो । महिलाको आर्थिक तथा सामाजिक शक्तिकरण नभई संविधानले परिकल्पना गरेको लैंगिक समानताका कुरा नारामा मात्र सिमित हुने भएकोले हाम्रा नीति तथा कार्यक्रमहरुमा अनुभूत गर्ने गरी महिलाको जीवनस्तरमा रुपान्तरणका लागि प्रयासरत रहेको जानकारी दिनु भयो । कार्य्रक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव डईन्द्रप्रसाद उपाध्यायले समाजमा रहेका लैगिक हिंसा लगायत हानिकारक प्रचलनहरुमा शुन्य सहनशीलताको नीति लिई उनीहरुको क्षमता विकासद्धारा लैङ्गिक समानता कायम गर्न सरकारका कार्यक्रमहरु लक्षित रहेको र महिलाका हक अधिकारका साथै संविधानले निर्दिष्ट गरेका अन्य मौलिक हक अधिकारको प्रचलनका लागि भैरहेका ऐन कानूनहरुको परिमार्जन गर्ने कार्यलाई तीव्रता दिएको जानकारी दिनु भयो । लैंगिक सशक्तिकरण, बालसंरक्षणका बिषयमा सहभागीहरुले आफ्नो देशमा गरिएका उतम अभ्यासहरु प्रस्तुत गर्नुका साथै अनुभवहरु आदानप्रदान गर्नु भएको थियो । कोलम्बो प्लानका महासचिव किन्ले दोर्जीले सम्मेलनको महत्व दर्शाउदै लैंगिक सशक्तिकरण तथा समानताको लागि साझा अवधारणा विकास गरी अगाडि बढ्न सहयोग पुग्ने उल्लेख गर्नु भयो । तीन दिनसम्म संचालन भएको सम्मेलनमा सदस्य राष्ट्रहरुका लैंगिक सशक्तिकरण र बाल संरक्षणका लागि मूख्य मूख्य क्षेत्रहरुको पहिचान गरी एकिकृत कार्ययोजना तयार गरिएको छ । सोही कार्ययोजनाका आधारमा कोलम्बो प्लान लैगिक मामिला कार्यक्रमको पाँच बर्षे रणनीति तयार गरिनेछ ।

२०७४/१२/२२
पृथ्वी बहादुर के.सी.
(सहायक प्रवक्ता)